विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७९/०४/०१ मा बसेको बैठकको एजेन्डा र निर्णयहरू:-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | डि-प्लटको न्यूनतम भाडादर घटाउने सम्बन्धमा। | नगर कार्यपालिकाको मिति २०७८/०८/२० को निर्णयानुसार विराटनगर महानगरपालिकाको स्वामित्वमा रहेको विराटनगर ९ स्थित डि-प्लटमा रहेको भवनका खाली रहेका सात वटा सटर वहालमा लगाउन दरभाउपत्र आह्वानको सार्वजनिक सूचना दोस्रो पटक प्रकाशन गर्दा पनि कुनै दरभाउपत्र पेश हुन नआएकोले उक्त निर्णय बमोजिमको पुरानो न्यूनतम भाडादरमा २० (बीस) प्रतिशत घटाएर नयाँ न्यूनतम भाडादर कायम गरी पूनः वहालको प्रक्रिया अगाडि बढाउने सर्वसम्मतिले निर्णय गरियो। |
| २ | धर्मभक्त मार्ग नाला तथा पिच निर्माण ठेक्काको म्याद थप सम्बन्धमा। | विराटनगर महानगरपालिका वडा नं.२ स्थित धर्मभक्त मार्गमा नाला तथा पिच निर्माण कार्यका लागि इ-बिडिङ मार्फत बोलपत्र आह्वान भई डाइनामिक/कला जे.भी.को बोलपत्र स्वीकृत गरी मिति २०७७/०४/१५ मा सम्झौता भएको र नगरसभाको आठौं अधिवेशनको निर्णय तथा विभिन्न मितिमा बसेको कार्यपालिका बैठकको निर्णयबाट मिति २०७९ जेठ मसान्तसम्ममा कार्य सम्पन्न गर्नेगरी म्याद थप भएकोमा Base Laying को कार्य सम्पन्न गरी पिच गर्न तयारी अवस्थामा रहेको बेला अत्याधिक वर्षा भई समय सीमाभित्र निर्माण कार्य नसकिएको भनी कार्यसम्पादन जमानत संलग्न राखी निर्माण व्यवसायीबाट म्याद थपको लागि निवेदन पेश भएको हुँदा प्राविधिकको सिफारिस समेतको आधारमा उक्त निर्माण कार्यको लागि २०७९ असोज मसान्तसम्म सम्झौता अवधिको म्याद थप गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ३ | हिमालय रोडको भेरिएसन आदेश सम्बन्धमा। | विराटनगर महानगरपालिका वडा नं.९ स्थित हिमालय रोडमा Vehicle Free Road and Beautification of Himalaya Road आयोजना सञ्चालनका लागि बोलपत्र आह्वान भई कला बिल्डर्सको बोलपत्र स्वीकृत गरी कबोल रकम रु.१,००,८३,२७२।३२ (मू.अ.क. समेत) बराबरको मिति २०७८/०६/१३ मा निर्माण कार्य सम्झौता भएकोमा निर्माण व्यवसायीको माग निवेदन र प्राविधिकको सिफारिस बमोजिम उक्त निर्माण कार्यको स्टिमेटमा ५० एमएमको इन्टरलक ब्लक रहेकोमा ८० एमएमको ब्लक प्रयोग गरी निर्माण गर्नुपर्ने भएको र Trash rock को कार्य तथा विद्युतीय कार्यमा केही छुटपुट भएको भनी उल्लिखित कार्य समावेश गरी निर्माण कार्य गर्न रु.१,२०,४८,२७३।१६ (मू.अ.क. समेत) रकमको संशोधित लागत अनुमान पेश भएको हुँदा उक्त संशोधित लागत अनुमान स्वीकृत गरी १९.४९% बढिको भेरिएसन आदेश जारी गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

प्रतिलिपी

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

| | | |
|---|---|---|
| ४ | तापडिया आँखा अस्पतालको IEE स्वीकृति सम्बन्धमा। | विराटनगर महानगरपालिका वडा नं.२ स्थित तापडिया आइ केयर प्रा.लि.ले ५० शैयाको अस्पताल स्तरोन्नति तथा सञ्चालन गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) का लागि कार्यसूची फायल कार्यालयमा पेश गरेकोमा प्राविधिक समितिबाट अध्ययन, विश्लेषण तथा पुनरावलोकन गरी सिफारिस भए बमोजिम उक्त अस्पतालले स्वीकृत शर्तहरू अनिवार्य रुपमा पालना गर्नेगरी विराटनगर महानगरपालिका, संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को दफा ७(४) बमोजिम सर्वसम्मतिले स्वीकृत गरियो। |
| ५ | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सहायक पदपूर्तिको लागि विषय विज्ञ मनोनयन सम्बन्धमा। | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सहायक (स्थानीय सेवाको सहायक पाँचौ तह सरह) छनौट तथा पदपूर्तिको लागि सिफारिस गर्न स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ बमोजिम पदपूर्ति कार्यका लागि उक्त मापदण्डको दफा ३ अनुसारको पदपूर्ति समिति गठन गर्न दफा ३(ख) मा भएको व्यवस्था बमोजिमको विषय विज्ञका लागि प्रदेश नं.१, उद्योग, श्रम तथा रोजगार मन्त्रालयबाट कम्तीमा अधिकृत सातौं तह वा जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि माग गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ६ | सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन विधि (Modality) छनौट सम्बन्धमा। | विगत तीन वर्षदेखि सुरक्षित आप्रवासन (SaMi) परियोजना सञ्चालनका लागि नियमानुसार संस्था छनौट भई कार्यक्रम सञ्चालन भइरहेकोमा उक्त परियोजनाको अवधिसँगै २०७९ असार मसान्तमा संस्थासँगको सम्झौता अवधि पनि समाप्त भएकोमा हाल परियोजना अवधि थप दुई वर्ष विस्तार भएको हुँदा सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९ को दफा १०(२) बमोजिम स्थानीय तहले कार्यक्रमको आवश्यकता बमोजिम आफैं कर्मचारी नियुक्त वा सेवा प्रदायक संस्था खरिद गरी कार्यक्रम सञ्चालन गर्नसक्ने प्रावधान बमोजिम यस कार्यालयको SaMi परियोजना आगामी दुई वर्ष सञ्चालन गर्नका लागि नियमानुसार सेवा प्रदायक संस्था खरिद गरी कार्यक्रम सञ्चालन गर्ने र सोको व्यवस्था नभएसम्म जिल्ला प्रशासन कार्यालय, मोरङ परिसरमा रहेको आप्रवासी स्रोत केन्द्र साविकको सेवा प्रदायक संस्था सगरमाथा सामुदायिक विकास केन्द्र मार्फत सञ्चालन गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ७ | तारणी प्रसाद कोइराला सञ्चारग्राम भवन निर्माण कार्यको म्याद समर्थन तथा भुक्तानी सम्बन्धमा। | विराटनगर महानगरपालिका वडा नं.४, खारजीमा रेडियो नेपालको आर्थिक सहयोगमा तारणी प्रसाद कोइराला सञ्चारग्राम भवन निर्माण कार्यका लागि बोलपत्र आह्वान भई रबिना/जोशी जे.भी.को बोलपत्र स्वीकृत गरी मिति २०७४/०५/२६ मा सम्झौता भएको र मिति २०७६ फागुन मसान्तभित्र कार्य सम्पन्न गर्नेगरी सम्झौता अवधिको म्याद थप भएकोमा उक्त कार्य तोकिएको म्यादभित्र नै सम्पन्न भई अन्तिम बिल भुक्तानीका लागि निवेदन पेश भएकोमा कोरोना भाइरस महामारी तथा लकडाउनका कारण बिल चेकजाँचमा भएको ढिलाइ एवम् रबिना कन्स्ट्रक्सन र जोशी निर्माण कम्पनीबीचको आन्तरिक विवादका कारणले रबिना कन्स्ट्रक्सनले भुक्तानी रोकिदिन निवेदन गरेको र सो विवाद मिलाई Third Party Verification मार्फत बिल चेकजाँच सम्पन्न गरेर कार्यसम्पादन जमानत संलग्न राखी उक्त जे.भी.ले भुक्तानी माग गरेकोले गुज्रेको म्याद तथा भुक्तानी अवधिसम्मको म्याद समर्थन गरी नियमानुसार भुक्तानी दिने सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ प्रदेश नं. १, नेपाल

| | | |
|---|---|---|
| ८ | कार्यसम्पादन मूल्याङ्कन फाराम सम्बन्धमा। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र बमोजिम लोक सेवा आयोगबाट सिफारिस भई स्थायी नियुक्ती भएका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन प्रयोजनार्थ मन्त्रालयबाट प्राप्त ढाँचा (नमुना) बमोजिमको फाराम सर्वसम्मतिले स्वीकृत गरियो। |
| ९ | सडक पूर्वाधार उपयोग सेवा शुल्क र जडिबुटी, कवाडी र जीवजन्तु कर सङ्कलन सम्बन्धमा। | सडक पूर्वाधार उपयोग सेवा शुल्क र जडिबुटी, कवाडी र जीवजन्तु कर सङ्कलनको लागि आ.व.२०७८/०७९ मा बन्दोबस्त भएको ठेक्काको सम्झौता अवधि २०७९ असार मसान्तसम्म मात्र भएको र आ.व.२०७९/०८० को लागि ठेक्का बन्दोबस्त हुन केही समय लाग्ने साथै कार्यालयबाट कर्मचारी खटाई शुल्क/कर सङ्कलन गर्न तत्कालै व्यवस्थापन गर्न असहज हुने तथा प्रशासनिक खर्च समेत बढ्ने भएकोले आ.व.२०७८/०७९ को ठेक्का रकमलाई नै आधार मानी (प्रतिदिन हिसाब गरेर) सम्बन्धित ठेकेदारलाई अग्रिम ठेक्का रकम दाखिला गराई २०७९ साउन २० गतेसम्मका लागि निज ठेकेदारहरू मार्फत शुल्क/कर सङ्कलन गर्ने/गराउने सर्वसम्मतिले निर्णय गरियो। |
| १० | शहीद रङ्गशालाका सटर भाडा सम्बन्धमा। | विराटनगर महानगरपालिका र राष्ट्रिय खेलकुद परिषद बिच भएको सम्झौता अनुसार विराटनगर ७ स्थित शहिद रङ्गशालाको व्यवस्थापन र सञ्चालन विराटनगर महानगरपालिकाले गर्ने र सोमा भएका सटरहरूको भाडा महानगरपालिकाले व्यवस्थापन र सङ्कलन गरी भाडा रकमको ५० प्रतिशत खेलकुद परिषदलाई दिने भनी सम्झौता भएको हुँदा र उक्त क्षेत्रमा व्यवसायिक कारोबार तथा आकर्षण न्यून भएकोले शौचालय र शौचालयमा रहेको सटर बाहेकका सटरहरू भाडामा लिई आएकाहरूलाई आ.व. २०७८/०७९ कै भाडादरमा २०८० असार मसान्तसम्म म्याद थप गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ११ | विविध। | (क) विराटनगर महानगरपालिकाका उप-प्रमुखको सासूआमा प्रभा कार्कीको सम्वत् २०७९ साल असार ३१ गते असामयिक निधन भएको हुँदा दिवंगत आत्माको चीरशान्तिको कामना एवम् शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दै शोक प्रस्ताव पारित गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल